# बाइबल अनुपम छ

# र

# कसरी बाइबललाई अध्ययन गर्ने

## फ्रियाङ्क्लिनद्धारा टिप्पनी

**अनुपम** – एकमात्र; एक्लो; आत्मा । अरु सबै भन्दा भिन्नै; केही पनि समान नभएको ।

## १. निरन्तरतामा अनुपम

क. **१,५००** वर्षको विस्तार माथि लेखिएको थियो ।

ख. छैँसठि ओटा पुस्तकहरु **४० जाना भन्दा माथि** लेखकहरुले लेखेका थिए प्रत्यक जीवनका पाइलाहरु देखि लिएर राजाहरु, गाउलेहरु, दर्शन शास्त्री, माछा मार्नेहरु, कविहरु, कथनहरु, विद्‍वानहरु ।

ग. तिन भाषाहरुमा लेखिएका छन् : हिब्रू, आरमिक र ग्रीक ।

घ. उत्पति देखि प्रकाशबाट सयै विवादास्पद विषयहरु विषयवस्तुका रुपमा **मेल र निरन्तरताका** साथ समावेस गरिएका छन् । त्यहाँ प्रकट गरिएको एक कथा छ : परमेश्‍वरद्धारा मानवको उद्धार ।

ङ. २ पत्रूस १ : २१ यो पुस्तक एक हुनु वा एकता र त्यस पछि आश्‍चर्य कामहरुको बारेमा हो । ४० + लेखकहरुका लागि जो विभिन्न पृष्ठभूमीका थिए उनीहरुलाई करिब १५०० वर्षका अवधिमा धैरै विषयहरुमा लेख्न **पुरा मेलमा** गणितीय हिसाबले हेर्दा असम्भव थियो । त्यसो भए हामीले कसरी बाइबलको

लेखा गर्ने ? एकमात्र पर्याप्त व्याख्या यो हो कि : " किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।"

## २. यसको परिचालनमा अनुपम

बाइबल धेरै मानिसहरुद्धारा पढीएका छन् र अरु कुनै पुस्तकहरु भन्दा धेरै भाषामा प्रकाशित गरिएको छ । यसका थुप्रै प्रतिलिपीहरु सम्पूर्णताका लागि उत्पादन गरिएको थियो र इतिहासमा नै अरु पुस्तकहरुमा भन्द धेरै भाग र छनोट छन् ।

## ३. यसको अनुवादमा अनुपम

अस्तित्वमा रहेका अरु कुनै पुस्तकहरु भन्दा बाइबल अनुवाद र पूर्णअनुवाद र आफ्नै शव्दमा व्याख्या गरिएको छ ।

## ४. यसका जीवितावस्थमा अनुपम

क. **समय** मार्फत – बाइबल, अरु पौराणिक लेखहरुसगँको तुलनामा, प्राचिन साहित्यको मेलको दस टक्रा भन्दा यसको धेरै **पाण्डुलिपीको परमानहरु** छन् ।

ख. **सतावट** मार्फत – बाइबले आफ्नो शत्रूहरुबाट दुष्ट आक्रमणहरुको सामना गरेको छ जब कि कुनै अरु पुस्तकले गरेको छैन ।

ग. **आलोचना** मार्फत – अरु कुनै पनि पुस्तकहरु यसरी चिरीएको, छुरी प्रहार गरिएको, निफानिएको। केलाइएको र बदनाम गरीएको छैन ।

## ५.  यसको शिक्षामा अनुपम

क. भविष्यवाणि – इस्लामले मोहम्मदको जन्म हुनु भन्दा एक सई वर्ष अघि उनको आगमन सम्बन्भी कुनै पनि भविष्यवाणिलाई देखाउँन सक्दैन । ना नै कुनै पूजा प्रणालीको निर्माताले कुनै पनि प्राचिन ग्रन्थमा विशेष गरि उनीहरुको अगमनका बारेका अघि नै बताएको सहि रुपले पत्ता लगाउन सक्छ ।

( टिपणी पनि हेर : भविष्यवाणी र सम्भावना )

ख. इतिहास – प्राचिन साहित्यमा अन्य लेखहरुका साथ तीनका नजिक आउने सूरवात विना नै यो एकलै स्वतन्त्रका साथ खडा रहेको छ ।

ग. व्यक्तितत्वहरु – बाइबलले यसमा रहेका पात्रहरुका पापहरुसँग एकदमै निष्कपट भएर व्यवहार गरेको छ । अन्य धार्मिक वृत्तान्तहरुले उनीहरुका प्रशंसामय पात्रहरुका गलत कामहरु र उनीहरुका पतनलाई ढाक्छोप गर्ने वा बेवास्त गर्ने प्रयास गर्छन् ।

घ. यदि मानिसले चाहे भने पनि बाइबल लेख सक्दैन, तर यदि लेखे भने पनि, उसले आफूले आदर गर्ने व्यक्तिको गलत कुराहरु र दुष्ट कुराहरुलाई प्रस्तुत गर्दैन ।

## ६. निष्कर्ष

बाइबल साँचैमा अनुपम छ । सबै साहित्यमा यो जस्तो पुस्तक अरु कुनै पनि छैन । सत्यको खोजी गरि रहेको मानिसले नै यस पुस्तकलाई माथिका योग्यताले भरिएको पुस्तक भनेर मान्दछ । बाइबल अन्य पुस्तकहरु भन्दा माथि छ जसरी स्वर्ग पृथ्वी भन्दा माथि छ । कसैले बाइबलको बारेमा यसो

भनेका छन् : " बुद्धिमान् बन्न पढ, सुरक्षित हुन विश्वास गर, र सहि हुन अभ्यास गर ।"

## ७. बाइबल परमेश्वरका वचनद्धारा प्रेरण पाएको हो । २ तिमोथि ३ : १६ , १७

सत्यका कथन माथि , सुसमाचारीय इसाई खडा छन् । " प्रेरणाद्धारा " हाम्रो मत्लब पवित्र आत्माले उहाँको अलौकिक् शतिको प्रेरणा बाइबलका लेखकहरु माथि प्रयोग गर्नूभयो ।

लेखहरु प्रभावित भएका थिए – लेखकहरु आवश्यक भएर होइन, किनकी बाइबल आजकाल प्रभावित मानिसहरुले लेखेका थिए भनेर भनेर दाबि रहेको छ ।

**भजनसंग्रह ११९ : १६०** **यूहन्ना १७ : १७**

क. **२ पत्रूस १ : २१** पवित्र आत्मा बाइबलको लेखक हुनुहुन्छ । येशू उहाँका चेलाहरुलाई भन्नु भएको थियो कि उहाँले धैरै कुराहरु प्रस्तुत नगरिक नै छोड्नु हुनेछ , र पवित्र आत्मा आउनु हुने छ र केही मानिसहरुलाई चुन्नु हुनेछ र उनीद्धारा नै उहाँले उहाँको मानव प्रतिको उहाँको सिद्ध इच्छालाई प्रकट गर्नू हुन्छ ; र ताकि पवित्र आत्मा चाही विश्वासीहरुको गुरु हुनु सकोस् । **यूहन्ना १६ : १२ – १५**

ख. मानिस चाहि बाइबल लेख्नका लागि पवित्र आत्माद्धारा प्रयोग गरिएको एक साधन हो ।

**रोमि १५ : ४** **१ कोरिन्थी १० : ११**

ग. परिणाम यो हो कि : अभ्रान्त परमेश्वरको वचन । तसर्थ बाइबल दोष रहित छ र विश्वास योग्य छ ।

**भजनसंग्रह १२ : ६ ; ११९ : ८९ ; यशैया ४० : ८ ; मत्ति ५ : १८ ; २४ : ३५**

**१ पत्रूस १ : २३ – २५**

## ८. बाइबल एक कठिन पुस्तक हो । १ कोरिन्थी २ : १४ – १६

किनकी यो अनन्त देखि अन्नतबाट आएको हो । अनिश्चीतबाट, सबै शक्तिसाली ईश्वर, निश्चीत मानवसम्म । तसर्थ, तिमीले अरु कुनै महान विद्धान्का लेखलाई बुझे जस्तै गरि बाइबललाई बुझ्न सक्दैनौ । तिमीले महान दर्शनसास्त्रलाई साधारन ज्ञानले पढ्न सक्छौ, र मेहनती दरखास्तबाट, त्यसको वास्तविब अर्थ पत्ता लगाउन सक्छौ । यदि बाइबल साधारण मानिसले बुझ्न सक्ने हो भने, यो एक साधारण किताब हुने थियो , र यो परमेश्वरको वचन हुन सक्ने थिएन । पहिला देखि नै बाइबल परमेश्वरबाट हो, तसर्थ आत्मीक, तिमीले यसबाटको शिक्षा पाउन अघि , तिमी आत्माबाट जन्मेको हुनुपर्छ ( यूहन्ना ३ : ६ ) । सधैँ बाइबल पढ्दा प्रर्थना गर्नूपर्छ ताकि पपित्र आत्मा तिम्रो गुरु भइकन तिमीलाई उहाँको पवित्र वचनलाई राम्रोसँग बुझ्न सहाएता गर्नूहुने छ , वा यो कठिन भई , बन्द किताब हुने छ ( यूहन्ना १६ : १२ – १५ )

हामीले कसरी बाइबलको साचो अर्थ थहा पाउँन सक्छौ ?

१. परमेश्वरको सन्तान बन : यूहन्ना ३ : ३,५

२. पवित्र आत्माद्धारा भरिपूर्ण होउ :

एफिसी ५ : १८ यूहन्ना १४ : २६; १५ : २६ ; १६ : १३

३. सकिउने बन : एफिसी ४ : ११ – १६

४. आत्मीक मानिस बन नाकि साधारण मानिसट : १ कोरिन्थी २ : १४ –१६

५. मेहनती बन : २ तिमोथी २ : १५

## ९. बाइबलमा विशेष शक्ति छ

क. बाइवलमा तरवारमा झैँ **विभाजन गर्ने शक्ति** छ । यसले मानिसलाई पापबाट छुट्याउँछ वा पापले मानिसलाई बाइवल देखि छुट्याउँछ । भजनसंग्रह ११९ : ९–११ ; यशैया ५९ : २ , हिब्रू ४ : १२ , एफिसी ६ : १७

ख. बाइबलमा ऐना झैँ **प्रतिबिम्वित गर्ने शक्ति** छ । वाइबलमा हामी आफैलाई देख्छौ जसरी प्रभुले हामीलाई देख्नुहुन्छ :

पापीहरु झैँ – “नयाँ गरि जन्मिनु” भन्दा अघि : रामी ३ : २३ ; ७ : ७ ; गलाति ३ : २२

धर्मि झैँ – “नयाँ गरि जन्मिए” पछि : २ कोरिन्थी ५ २१

ग. बाइबलमा पानी झैँ **धुने शक्ति** छ : दाऊदले प्रर्थना गरेका थिए कि परमेश्वरले उनलाई “ उनको अन्यायबाट धुनु हुन्छ ” र “ उनलाई पापबाट धुनु हुन्छ ।” एफिसी ५ : २६, भजनसंग्रह ५१ : २, भजनसंग्रह ११९ : ९ , १ यूहन्ना १ : ९

घ. बाइबलमा बीउ झैँ **नयाँ उत्पन्न गर्ने शक्ति** छ : १ पत्रुस १ : २३

हामी परमेश्वरका सन्तान हौँ किनकी हामी परमेश्वरको परिवारमा उहाँको विगार्न नसकिने बीउबाट जन्मेका छौँ । यो नयाँ जन्म हो । यूहन्ना ३ : १ – ७, लूका ८ : ११ देखि १५

ङ. बाइबलमा खानेकुरा झैँ **पोषण दिने शक्ति** छ : १ पत्रूस २ : २ बाइबल आत्माको लागि आत्मिक भोजन हो । कनै पनि इसाई  प्रभुमा बलियो भई राख्न सक्दैन र परमेश्वरको वचन नपढिकन । अयूब २३ : १२ , रामी १५ : ४

च. बाइबलमा **आशिष दिने र सफलता दिने शक्ति** छ ती जीवनहरुका लागि जसले ती अध्ययन गर्छन् र आज्ञापालन गर्छन् । यहोशू १ : ८, भजनसंग्रह १ : १ देखि ३, १९ : ७ देखि ११,  व्यवस्था २८ : १,२,९,१२ ; ३० : ८ देखि ११ , हितोपदेश ८ : ३२ देखि ३६

## १०. बाइबले विश्वासीहरुलाई वचन पढ्न आज्ञा दिन्दछ । २ तिमोथी २ : १५

प्रेरित १७ : ११ जसै तिमीहरु बाइबल अध्ययन गर्छै, तिमीले थहा पाउने छौ कि त्यो परमेश्वरको वचन हो । तिमीले यो पनि बुझि राख्नु पर्छ कि परमेश्वरको वचनलमा मानिसका “शव्दहरु” पनि छन् ।

जसै तिमी बाइबल अध्ययन गर्छै आफैलाई यी प्रश्नहरु सोध्नु :

क. को बोलि रहनु हुदैछ : परमेश्वर, पवित्र आत्मा, मानिस वा शैतान ?

ख. कसको लागि बोलिएको छ : इस्राएल, अन्यजाति, विश्वासीहरु, मानिसहरु वा मानिसलाई ?

ग. कसरी यी वचनहरु मेरो आफ्नै जीवनका लागि प्रभावकारी हुन् छन् ?

जसै तिमी बाइबल अध्ययन गर्छौ तिमी परमेश्वरको वचनलाई प्रेम गर्न थाल्छौ :

**क. दाऊद**

१. भजनसंग्रह ११९ : ९–१६ तपाईंको विरुद्धमा पाप नगरूँ भनेर, तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु।

२. ११९ : ३३–४० यसलाई तिम्रो प्रर्थना बनाऊ ।

३. ११९ : ९७ – १०४ आहा तपाईंको व्यवस्थालाई म कति प्रेम गर्दछु१दिनभरि म तिनैमाथि मनन गर्दछु।

४. ११९ : १२७ मैले तपाईंका आज्ञाहरूलाई सुन र निखुर सुनभन्दा पनि बढ़ी प्रेम गरेको छु ।

५. १९ : ७ – ११ परमप्रभुको व्यवस्था सिद्ध छ, प्राणलाई पुनर्जीवित गराउने।

**ख. अयूब**

१. अयूब २३ : १२ उहाँको मुखबाट निस्केको आज्ञालाई म इन्कार गर्दिनँ,

मेरो दैनिक भोजनभन्दा उहाँले भन्नुभएको कुरा मैले हृदयमा धेरै सञ्चय गरिराखेको छु ।

**ग. यर्मिया**

१. १५ : १६ जब तपाईंका वचनहरू आए ती मैले खाएँ, ती मलाई रमाहट, र मेरो हृदयलाई आनन्द दिने कुरा भए, किनकि तपाईंको नाउँले म कहलाइन्छु, हे सर्वशक्तिमान् परमप्रभु परमेश्वर।

## ११. हामीले बाइबल कसरी अध्ययन गर्ने   एज्रा ७ : १०

क. **अवलोकन** – यसले के भन्छ ?

अभ्यास गर्नका लागि कलस्सी ३ प्रयोग गर

१. प्रार्थनासँग सुरु गर

२. खण्ड पढ र फेरि पढ

तिमीले प्रेम पत्र पढे जसरी ।

३. लेखकको उद्देश्यलाई पत्ता लगाउ ।  यूहन्ना २० : ३०–३१

क) ओगटेका मुख्य विषयहरु

ख) सामना गरेका समस्याहरु

ग) दिइएका उपदेशहरु

घ) प्रमुख शव्दहरु र वाक्यहरु दोह¥याएका

ङ) सोधिएका प्रश्नहरु

च) समानता वा भिन्नता

छ) कारणहरु , परिणामहरु

ज) आज्ञाकारिताको परिणाम

४. सधैँ प्रश्नहरु सोध्ने गर

क) कसले : लेखेका हुन् ? बोलिएको, कसका लागि, कसको बारेमा ?

ख) के : चाहि प्रमुख घटनाहरु हुन् ? मुख्य सिद्‌घान्तहरु ?

उद्देश्य ? को बारेमा उनी कुरा गर्दै छन् ?

ग) कहिले : यो घटेको थियो ? यो हुनेछ ?

घ) कहाँ : यो भएको थियो ? यो हुनेछ ?

ङ) किन : यो लेखिएको थियो ? यो भएको थियो ?

च) कसरी : यो भयो ? उनले यो गरे ?

५. हेर र सुचि बनाउँ "परमेश्वरका " :

क) गुणहरु मैले परमेश्वरको बारेमा के सिक्न सक्छु

ख) धार्मिक सिद्धान्तहरु शिक्षा के हो ?

ग) प्रतिज्ञाहरु

घ) आज्ञाहरु

ङ) चेतावनिहरु

च) सिद्धान्तहरु ( उदाहरण ) छर्दै र कटनी गर्दै

६. तिम्रो बाइबलमा चिनो लगाउ – प्रयोग गर्ने रङ्गहरु

क) सुनौलो परमेश्वरको प्रतिज्ञाहरु

ख) हरियो पवित्र आत्मा

ग) बैगनी   परमेश्वरको राज्य

घ) पहेलो  महत्वपूर्ण  पदहरु वा शव्दहरु

ङ) नीलो  ख्रीष्टको ईश्वरीएता

च) रातो   रगत

छ) कलम  किनारमा लेख, मुख्य शव्दहरुलाई घेरा लगाउ, प्रसङ्गहरुको सिक्री बनाउ

७. प्रत्यक पाठको लागि उत्तम शिर्षक वा विषयको निधो गर ।

प्रमुख पद छनोट गर

८. पूरै पुस्तकको लागि उत्तम शिर्षक वा विषयको निधो गर ।

ख. **व्याख्या** – यसको अर्थ के हो ?

१. परिज्ञानहरु :

क) धर्मशास्त्रले कहिले पनि धर्मशास्त्रको विरोध गर्दैन । वचनलाई आफै व्याख्या गर्न देऊ । पृष्टभूमि बाहिरको खण्ड नलेऊ ।

ख) खण्डलाई सधैँ शाव्दिक रुपमा नै व्याख्या गर । त्यसको अर्थलाई नबद्‌ल ।

ग) के त्यहाँ संस्कृतिक, समाजिक, वा धार्मिक रिती छन् जसलाई विचार गर्नूपर्ने छ ?

२. पद्धती

क) प्रश्नहरु सोध । किन? यसको अर्थ के हो ?

ख) आवश्यक शव्दहरुको अध्ययन गर ।

ग) यसले मौलिक अध्ययनकर्ताहरुलाई के अर्थ दिन्छ त्यसको निधो गर ।

घ) यस्ता अरु खण्डहरु हेर जसले सहायता गर्छ , बढाउँछ , वा बुझाउँछ ।

ङ) यदि उपलव्ध छ भने अरु अनुवादहरु प्नि पढ ।

च) यदि एउटा उपलव्ध छ भने बाइबका टिप्पणीहरु प्रयोग गर ।

छ) आफ्नो निश्कर्षलाई संक्षिप्त गर ।

ग. **प्रयोग** – कसरी आज म मा यस सत्य प्रावकारी हुन्छ ?

याकूब १ : २२

१. २ तिमोथी ३ : १६–१७

क) सिकाई – चेला बन, सिक्ने व्यक्ति ।

ख) हप्काउनु – खुलस्त गर्छ वा मेरो सोचाइ वा व्यवहारमा के गलत छ भन्ने कुरालाई स्पष्ट बनाउँछ ।

ग) सुधार – स्वीकार गर र जे गलत छ त्यसबाछ फर्क । मत्ती ५ : २३, २४; १८ : १५

घ) धार्मिकतामा तालिम दिने – कसरी ज्यूने ।

१ कोरिन्थी १० : ११ रोमी १५ : ४

२. के त्यहाँ :

क) पाप वा गलत इन्कार गर्नका लागि छन्

ख) पालन गर्नका लागि आज्ञा छन्

ग) मेरो लागि प्रतिज्ञा छन्

घ) सिक्नका लागि उदाहरण छन्

३. तिम्रो बाइबलबाट हरेक वर्ष पढ

क) प्रत्यक दिन ३ अध्यायहरु पढ

ख) आईतवारको दिन ५ अध्यायहरु पढ

## १२. बाइबलिय मनन् यहोशू १ : ८ भजनसंग्रह १

वाइबल अध्ययन : ज्ञानका लागि । पहिलो लक्ष्य भनेको त्यस खण्डलाई बुझ्ने, विश्लेसण गर्ने हो । अरु खण्डहरुसँग तुलना गर , धर्मशास्त्रबाट धार्मशास्त्र । टिप्पणीहरु र अन्य साधनहरु प्रयोग गर ।

बाइबलिय मनन् : बालक झैँ वचन कहाँ आऊ र प्रभुलाई तिम्रो आत्मालाई खुवाउन, र तिमीलाई मार्ग देखाउन भन । पढ र परमेश्वरलाई तिमीसँग बोल्नका लागि पर्ख । त्यस खण्डका लागि तिम्रो आफ्नो पूरै जीवन खोलि देऊ । उहाँले तिमीलाई प्रत्साहान, मार्ग निर्देशन , बाटो देखाउनु वा गालि गर्नूहुन्छ तिम्रो आवश्यत्ता अनुसार । परमेवरलाई भेटे पछि र उहाँबाट सुनि सके पछि हामी जान सक्छौँ । त्यस पछि तिमी आफ्नो दिनमा गएर त्यसलाई पालन गर्ने र प्रयोग गर्न सक्छौ । भजनसंग्रह ११९ : १४७, १४८; हितोपदेश ८ : ३२ –३६

असल वा खराबका लागि मनन्को शक्ति ।    फिलिप्पी ४ : ८

१. यसले हाम्रो जीवनको विचारहरुलाई बनाउँछ ।

२. हाम्रा इच्छाहरुलाई फेरि देखि संगठित गर्छ ।

३. हाम्रा भावनाहरमा पूर्ण विचार गर्छन् ।

उद्देश्य भनेको प्रत्यक बिहान दिन सुरु हुनु भन्दा अघि येशूलाई पर्याप्त समय दिन हो । भजनसंग्रह ११९ : १४७  हितोपदेश ८ : ३२–३६

क) आफैलाई रित्याऊ

१. ती सबै बन्द गरेर राखेका विचारहरुलाई ल्याओ

२. तिम्रो त्यस खण्डको पहिलेको बुझाइले गर्दा तिमीलाई नयाँ कुरा लिन बाधा नदिओस् ।

३. तिमीलाई जे सन्न मन छ त्यही भन्ने नबनाऊ ।

ख. पाप स्वीकार गर र क्षमा देऊ : भजनसंग्रह १३९ : २३,२४ “ प्रभु मलाई खोज्नु होस ”

ग. सबैलाई एक गर  मत्ती ५ : २३–२४

घ. पवित्र आत्माले भर    एफिसी ५ : १८

उहाँ नैं लेखक हुनुहुन्छ – सबै भन्दा ठूलो शिक्षक  यूहन्ना १४ : २६

ङ. उहाँ तिमीसँग बोल्नु हुन्छ भन्ने विश्वासले आऊ । “ परमेश्वर पिता . . . . ”

हिब्रू १२ : २५ यशैया ५० :४; ५१ : १,४,७; ५५ : २,३; हबकूक २ : १ हिब्रू ११ : ६ रोमी १० : १७

च. पालन गर्नका लागि प्रतिज्ञा – प्रभुत्व लूका ६ : ४६; मत्ती ७ : २१

भन्छ : “ प्रभु, आफ्नो दाससँग बोल्नुहोस्, जति सकै त्याग गर्नू परेता पनि म पालन गर्नेछु ” ।

छ. खण्ड छनोट गर

१. तिमीलाई कडासँग सल्लाहा दिन्छु कि एउटा किताब लिऊ र त्यसलाई सुरु देखि अन्तिमसम्म मनन् गर ।

२. दिनका दिन विधिवत रुपमा जाऊ । एकदमै महत्वपूर्ण छ ।

३. पवित्र आत्मालाई कहाँबाट सुरु गर्ने भनेर सोध । यदि उहाँले अर्को खण्डमा विशेष पाठ वा विस्तारका लागि लानु हुन्छ भने , त्यो प्रप्त गर र आफ्नै पहिलेको खण्डमा फर्क ।

ज. बाइबल अध्ययनका सहायकहरु

१. धार्मिक उपासनाका किताबहरु राम्रा हुन् तर यी किताबहरु बिहानका ध्यानका समयमा प्रयोग गर्नुहुन्न ।

२. उहाँको स्वर सुन्ने प्रयास गर जुन विशेष गरि र वास्तविक रुपमा तिम्रो हो ।

३. एउटै कारणका लागि धेरै टिप्पणीहरुलाई त्याग्देऊ । त्यो विद्धानले गरे जस्तो नभएता पनि तर त्यो तिम्रो हुनेछ ।

झ. बाइबलको यस्तो संस्करण प्रयोग गर जुन बुझ्न सजिलो हुन्छ ।

## १३. कसरी चरित्र अध्ययन गर्ने

बाइबलमा पुरुष र महिलाहरुका जीवनका लेखाहरु छन् ताकि हामीहरुले उनीहरुबाट केही सिकोस् भनेर, यो महसुस गर्न कि हार नै अन्तिम होइन, र शक्तिशालीहरुको पनि कमजोरी हुन्छन् ।

क. पद्धति

१. यो निर्णय गर कि कुन चाहि निश्चित व्यक्तिको बारेमा तिमी अध्ययन गर्न चहान्छौ ।

२. सम्बन्धित पदहरु र खण्डहरुको सुचि बनाऊ । यदि उपलव्द छ भने सूचीपत्रको प्रयोग गर ।

३. खण्डहरु पढ र महत्वपूर्ण कुराहरु टिप्नु ।

४. खोज :

क) नामहरुको आर्थ ( मोशा – पानिबाट निकाल्नु )

ख) परिवारको इतिहास

ग) तालिम र कसरी उनीहरुले परमेश्वरलाई पाएको

घ) उनी जीवित रहेका समय र उनको जीवनकाल

ङ) हार र प्राप्ती

च) आत्मिकी जीवन फिलिप्पी ३ : १७ ;४ : ९

छ) आत्मिकी सिद्धान्तहरुलाई व्याख्या गर्ने खण्डहरु

ज) अरुहरुमा उहाँको जीवनको प्रभाव ।     फिलिप्पी ३ : ७

झ) उहाँको मृत्यु     २ तिमोथी ४ : ७,८

ख. स्फिनसको उदाहरण       ( व्यबहारमा उतार)

१. पदहरु र खण्डहरुको सुची : प्ररित ६ : ३ – ८ : २; ११ : १९; २२ : २०

२. उहाँको नामको अर्थ : मुकुट, ताज, वा विजयको माला

३. व्यक्तिगत प्रयोग : के मैले आफैलाई देखे ? कमजोरी ? ताकत ?

## १४. कसरी प्रासंगिकअध्ययन गर्ने

क. उद्देश्य

परमेश्वरको वचनले कुनै पनि निश्चित शिर्षकको बारेमा के भन्न चहानु भएको छ भन्ने बारेमा निर्धारित गर्नु । यसले त्यस विषयको बारेमा पूरा चित्र दिन्दछ ।

ख. पद्धति

१. तिमीले पढि रहेको विषयलाई र सम्बन्धित खण्डलाई तुलना गरेर हेर । प्रत्यक उल्लेख राम्ररी बुझिएको हुनुपर्छ र त्यही सन्दर्भ भित्रै विश्लेषण गरेको हुनुपर्छ ।

क) सुचीपत्र, प्रासंगिक बाइबल आदिको प्रयोग गर ।

ख) सम्बन्धित शव्दहरुलाई हेर । भन्नुको मत्लब प्रिर्थना ÷

ग) बाइबलमा पहिलो पटक त्यस शिर्षकको बारेमा उल्लेख गरिएको खण्डलाई खोज । पूर्ण रुपमा अध्ययन गर ।

घ) विपरी खण्डहरु खोज ।

२. तथ्याङ्कलाई जम्मा गर

क) प्रत्यक खण्डलाई पूर्ण रुपमा अध्ययन गर , लेखकले दिन खोजेको अर्थ प्राप्त भएको छ कि भनेर निश्चय हुनका लागि जाँच गर ।

ख) सन्दर्भलाई राम्रोसँग जाँच गर ।

ग) त्यस खण्डले सिकाउँन खोजेको मुख्य सत्यलाई निश्चित गर ।

घ) तिम्रो अवलोकन र नयाँ अन्तरज्ञानको अभिलेख बनाऊ ।

ङ) ती बुझ्न सक्ने र बुझ्न नसक्ने खण्डलाई टिप । राम्रोसँग नबुझिकनै सिद्धान्त नबनाऊ ।

च) यो याद गर कि कति पटकसम्म कुनै पनि शिक्षा दो¥याइएको छ र त्यही अनुसार त्यसलाई धेरै ध्यान देऊ ।

छ) कहिले पनि निष्कर्ष , परम्परा वा अन्य बाइबलिय स्रोतहरु नबनाऊ ।

३. सामग्रीहरुलाई रुपरेखामा व्यवस्थित गर ।

क) यो चाहि निश्चय गर कि तिमीसँग शिर्षकसँग मिल्ने र पूर्ण रुपमा त्यसलाई ओगटेको छ ।

ख) यो याद गर कि तिमीले पनि त्यही धेरै जोड देऊ जहाँ परमेश्वरले पनि बढी जोड दिनुभएको छ ।

४. लागु गर : याद गर कि कसरी तिमीले सिकेका सबै कुराहरुले तिम्रो जीवनमा प्रभाव पार्न सक्छ ।

## १५. दृष्टान्त – यस्तो कथा जसले नैतिक शिक्षा वा सत्य सिकाउँछ ।

यो सधै सत्य तथ्य हुन्छ भन्ने छैन तर जीवनका लागि सत्य हुन्छन् । यो एक मुख्य भाव दिनका लागि बनाइएको हुन्छ । यो आत्मिकी अर्थ दिनका लागि कानुनी रुपमा नै जीमेवारी छ भन्ने होइन र हरेक कुराका लागि प्रभवकारी पनि हुन्दैन ।

क) दुई उद्देश्यहरु :

१. सत्यलाई यादगार वा प्रमाणित गर्ने तकिाले प्रस्तुत गर्ने, स्पष्ट गर्ने , वा जोड दिने ।

२. ती व्यक्तिहरुबाट सत्यलाई लुकाउनका लागि जसले त्यसलाई इन्कार गरेका थिए ।

मत्ती १३ : १० –१७

ख) दृष्टान्तलाई सहि रुपमा अनुवाद गर्न र त्यो तिमीले गर्नै पर्छ :

१. यो पत्ता लगाऊ कि त्यो किन भनिएको थियो र केले त्यो भन्न लगायो ।

२. ती दृष्टान्तहरुको भन्न खोजेका अर्थलाई खोज ।

क) कहिले काही बयान गरिनेछ ।

ख) यदि बयान गरिएन भने , त्यो प्रयोगबाट चिनिनेछ ।

ग) लेखकले स्पष्टसँग बताएका वा सुन्नेहरुले जे बुझ्दै आइरहेका छन् त्यस बाहिर गएर कर लगाएर अन्य अर्थ दिनुहुन्न ।

घ) प्रमुख विषय वा जोडलाई पत्ता लगाउँनु पर्छ ।

३. मिल्दो विवरणहरु पत्ता लगाऊ । यसले सधैँ मुख्य विषयलाई बलियो बनाऊ ।

भन्नुको मतलब येशू  मर्कूस ४ : १३

४. मिल्दो विवरणहरुलाई पत्ता लगाऊ । कुनै पनि दृष्टामा भएका सबै विवरणहरुमा अर्थ हुन्दैन र त्यसको मुख्य विषयमा नसुहाउने अर्थ जोड्न प्रयास गर्नू गलत हो । भन्नुको मतलब उड्न्ते पुत्रलाई प्राय जसो गलत रुपमा प्रयोग गरिएको छ । त्यो फरिसीहरुका लागि थियो यो देखाउँनका लागि कि परमेश्वर पिताको हृदय पापिहरुका लागि क्षमा दिने हृदय हो र यसको विरुद्ध उनीहरुका गनगन जेठा दाइ जस्तै । लूका १५ : २

ती दृष्टान्ताहरु जसका संस्कृतिक विषयहरु छन् तिनीहरु यसरी अनुवाद गरिनु पर्छ कि बाइबललिए संकृतिलाई प्रकाश गर्ने हिसाबले नाकि हाम्रो आफ्नै संकृतिलाई प्रकाश गर्ने हिसाबले होइन । त्यसको मतलब बुद्धिमानी र मूर्ख कन्याहरु । मत्ती २ : १३

दृष्टान्तहरु कहिले पनि सिद्धान्त विकाश गर्ने मौलिक आधार हुन्दैन ।

## १६. एलिगोरी

यस्तो कथा जसको लुकिएको अर्थ त्यही आफ्नै कथाको सतह अर्थ भन्दा भिन्न छ त्यसको मतलब यूहन्ना १० र १५ ।

क. एक भन्दा बढी मुख्य जोडका बुदाहरु हुन सक्छन् ।

ख. धेरै सत्यका कुरराहरु सिकाउँन सक्छन् ।

ग. एलिगोरीका विवरणहरु धेरै हुन सक्छन् र एक भन्दा बढी विषयसँग सम्बन्धित गर्दा भिन्न हुन्छन् ।

घ.असंबद्धित विवरणहरु हुन सक्छन्; एलिगोरीका सबै लक्षणहरु चिन्नु पर्ने आवश्यक छैन । कथा र अर्थलाई बेरेर राख ।

ङ. एलिगोरी भित्र नै उपयोग गर्ने तरीका पाउँन सक्छौं ।

**क. सिक्ने अभ्यास** : कलस्सी ३ अध्याय पढ

विद्यार्थिहरुलाई अध्यायबाट एक एक पदहरु लिन लगाऊ र यी प्रश्नहरुका उत्तर दिन लगाऊ :

१. मैले परमेश्वरको बारेमा के सिके ? ( गुणहरु )

२. मैले आफ्नै बारेमा के सिके ? ( सिद्धान्तहरु , शिक्षाहरु )

३. के त्यहाँ प्रतिज्ञा छ ? ( प्रतिज्ञाहरु )

४. के त्यहाँ आज्ञा छ ? ( आज्ञा)

५. के त्यहाँ चेतावनी छ ? ( चेतावनीहरु )

यी पाँचहरु मात्र कक्षाको समयमा गर

पहिलो ४ पदहरुमा शिक्षकसँग मिलेर प्रश्न सोध्दै काम गर ताकि उनीहरुले कसरी गर्ने भनेर बुझ्छन् । त्यस पछि त्यस अध्याय उनीहरुलाई आफै सकाउँन देऊ ।
( उनीहरुले गरेर सिक्छन् )

उनीहरुलाई ४५ मिनेट देखि १ घण्टासम्म देऊ । त्यस पछि उनीहरुले कक्षामा शिक्षकले फेरि त्यस विषयमा प्रश्न सोध्दै गरि सिकेका कुराहरु उनीहरुलाई दिन देऊ र उनीहरुलाई बाकि रहेका प्रयक पदहरुका बारेमा उत्तर दिन देऊ ।

उनी साचै नै यो अभ्यास रमाईलो मान छन् ! उनीहरुसँग यसलाई कागजमा लेखेर सकाउँनका लागि पर्याप्त सपय नहोला तर उनीहरुले तिमीसँगै कक्षामा नै सकाउँने छन् ।

उनीहरुले घरेलु समुह अध्ययनलाई नेत्रित्व गर्नेमा जोड देऊ, निजी अध्ययन गर, वा यी प्रश्नहरु सोधेर कक्षामा पनि अध्ययन गर । यो एकदमै अचम्मको छ कि उनीहरुले यी ५ प्रश्नहरु सोधेर के सिक्छन् ।

यो अभ्यास सके पछि बाँकि रहेका टिप्नीबाट जारी राख ।

## १७. ग्रन्थहरुको नामवली

पोर्टर बियारिङ्टनद्धारा मास्टर रुपरेखा जसै ख्रीष्टीयन लाइफ न्यू टेस्टिमेन्टमा पाए जस्तै, थमस नेल्सन, प्रकाशक, नीयाशभिली, टेन्निसी ३७२०२

लिइएको : कसरी तिम्रो बाइबल अध्ययन गर्ने ज्ञान बोध माथि ज्ञान बोध ।